# एकडारा गाउँपालिका
# Ekdara Rural Municipality
# गाँउ कार्यपालिकाको कार्यालय, एकडारा, महोत्तरी
# Office Of The Rural Municipal Executive, Ekdara, Mahottari

मधेश प्रदेश, नेपाल

**Madhesh Province, Nepal**

पत्र संख्या: २०८२/०८३
चलानी नं.

मिति: २०८२।१२।०१
प्राप्त पत्र सँख्या र मिती :

**सुचना !** **सुचना !!** **सुचना !!!**

**प्रथम पटक प्रकाशित मिति :-२०८२/१२/०१**

उपरोक्त सम्बन्धमा यस एकडारा गाउँपालिंका को मिति २०८२/१०/२७ गते को कार्यपालिका बैठकको निर्णय अनुसार आ.व.२०८२/०८३ देखि आगामी ५( पाँच ) वर्षको आ.व.०८७/०८८ सम्मको लागि तपसिलमा उल्लेखित ठेक्का नं र वडाहरुमा रहेको सार्वजनिक पोखरीहरुमा माछापालनको लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले विगतमा ठेक्का पट्टा समबन्धि गा.पा.लाइ तिर्नुपर्ने बाँकि बक्यौता रकम नरहेको इच्छुक व्यक्ति ,संघ संस्था लगायत सरोकारवालाहरुले प्रति ठेक्काको लागि दरभाउ फारम वापत रु.१०००|-(एक हजार) फिर्ता नहुनेगरि नगदै वा एकडारा गाउँपालिकाको प्रभु बैंकमा रहेको स्थानीय राजस्व खाता नं. १३९०१०३९९४७०००५१ राजस्व तिरी प्रशासन शाखाबाट दरभाउ फारम खरिद गरि तोकिएको शर्तको अधिनमा रही यो सुचना प्रकाशित भएको मितिले १५ पन्ध्र दिन भित्र छुट्टा छुट्टै ठेक्का को शिलबन्दी दरभाउपत्र दर्ता गराउनुहुन समबन्धित सबैमा जानकारीको लागि यो सुचना प्रकाशित गरिएकोछ |-

**तपसिल**

| क्र.सं. | ठेक्का नं. | पोखरीको नाम | वडा नं. | न्यूनतम मुल्य १ वर्षको रु. | ठेक्का अवधि | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ए.गा.पा./पो./व.५/०१ | साहुजी पोखरी बहेडा | ५ | ४०००००|- | ५ वर्ष | |
| २ | ए.गा.पा./पो./व.३/०२ | भटौलिया पश्चिमीवारी पोखरी | ३ | ५०००००|- | ५ वर्ष | |

**शर्तहरु**

- ठेक्का फारम खरिद गर्न आउदा सम्बन्धित व्यक्ति वा ठेक्केदारले आफ्नो नागरिकता प्रमाण पत्र लिई स्वयम् उपस्थित हुनु पर्नेछ |
- खामको बाहिरी पट्टि ठेक्का नं., वडा नं, र पोखरीको नाम तथा गाउँकार्यपालिकाको कार्यालय उल्लेख गरि शिलबन्दी दरभाउपत्र पेश गर्नुपर्छ |
- दरभाउपत्र साथ व्यक्तिको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्छ |
- दरभाउपत्रको दर फारममा कबोल गरेको अंक र अक्षरमा केरमेट नगरी सपस्ट लेख्नु पर्नेछ ,अंक र अक्षर फरक परेमा अक्षरमा लेखेको लाइ मान्यता दिइनेछ |
- दरभाउपत्र साथ आफुले कबोल गरेको अंकको १० प्रतिशतले हुने धरौटी रकम यस कार्यालयको प्रभु बैंक एकडारा शाखामा रहेको हि.नं ग.३.१ एकडारा गाउँपालिका स्थानीय धरौटी खाता नं. १३९०१०३९९४७०००४१ मा जम्मा गरेको सक्कलै बैंक भौचर संलग्न गर्नु पर्नेछ |
- सुचना प्रकशित भएको मितिले १५(पन्ध्र ) दिने कार्यालय समय भित्र छुटा छुटै ठेक्का नं को लागि प्रति ठेक्काको दरभाउ पत्रको फारम वापत रु १००० (एक हजार ) तिरी गा.पा.को कार्यालय बाट खरिद गरि १६ (सोह्रौं ) दिन दिनको १२:०० वजे भित्र यस कार्यालयमा शिलबन्दी दरभाउ पत्र दर्ता गराई सक्नुपर्नेछ र सोहि दिनदिनको २ :०० वजे यस कार्यालयमा दरभाउ पत्र दाता वा निजको प्रतिनिधिको

पत्र संख्या:२०८२/०८३ मिती:२०८२।१२।०१

चलानी नं. प्राप्त पत्र सँख्या र मिती :

रोहवरमा दरभाउ पत्र खोलिनेछ |साथै दरभाउपत्रं खोलिने मिति र समयमा दरभाउ पत्र दाताहरु उपस्थित नभएमा दरभाउ पत्र खोल्न बाधा पर्ने छैन |

- दरभाउ फारम खरिद गर्ने अन्तिम दिन मिति २०८२/१२/१५ गते हुनेछ र सो दिन विदा परेमा सो को भोलि पल्ट कार्यालय समयमा दरभाउ खरिद गर्न सक्ने छ र सोको भोलि पल्ट मिति २०८२/१२/१६ दिनको १२ :०० वजे सम्ममा दरभाउ पत्र दर्ता गराई सक्नु पर्ने र सोहि दिन दिनको २ :०० वजे दरभाउपत्र खोलिने छ |
- दरभाउ पत्र म्याद नाघी वा रित नपुगी आएका दरभाउ पत्र उपर कुनै कारवाही हुने छैन |
- दरभाउ पत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहने छ |
- दरभाउपत्र स्वीकृत भएको ७ (सात ) दिन भित्र कोबोल गरेको पोखरीको १ वर्षको रकम नगदै गा.पा.को आन्तरिक खातामा जम्मा गरि सोको सक्कल भौचर सहित सम्झौता गरि चलान पुर्जी लिई सक्नु पर्नेछ | ७ (सात ) दिन भित्रमा सम्झौता गर्न नआएमा दरभाउपत्र दाताले राखेको धरौटी जफत हुनेछ |
- यस कार्यालयको छाप र कार्यालय प्रमुख बाट प्रमाणित भएका दरभाउ पत्रलाइ मात्र मान्यता दिईनेछ |
- एकडारा गा.पा. को कार्यालयले समय -समयमा दिएको निर्देशन पालना गर्नु ठेक्केदारको प्रमुख कर्तव्य हुनेछ |
- गाउँपालिका लाइ आवश्यक परेको खण्डमा जुनसुकै वेला १५ (पन्ध्र )दिन अगावै सुचना दिइ ठेक्का रद्द गर्न सक्नेछ |
- घोषित दैविक प्रकोप वाहेकोको कुनै कारण देखाई मिन्हा माग भएमा यस कार्यालय बाट मिन्हा दिईने छैन |
- ठेक्का स्वीकृत भई कार्यालयले माग गरे बमोजिमको रकम तोकिएको समय भित्र दाखिला गर्नुपर्नेछ |ठेक्का सम्झौता गरे पछी तोकिएको मितिबाट मात्र ठेक्का संचालन गर्न पाइनेछ |सम्झौता गर्नु भन्दा पहिले दावी गर्न पाइने छैन |
- गा.पा.को स्वीकृति वेगर पोखरीको संरचनामा कुनै किसिमको हेरफेर गर्न पाइने छैन |
- यस ठेक्का सम्बन्धि कुनै किसिमको झै-झगडा वा मतभिन्नता भएमा गाउँपालिकाको निर्णय नै अन्तिम निर्णय हुनेछ |
- टेन्डर फारम खरिद गरेको रकम फिर्ता हुने छैन |
- पोखरी तथा वालीको सुरक्षा ठेक्केदार स्वयं आफैले गर्नु पर्नेछ |
- यस सुचनामा उल्लेख नभएका शर्तहरुको हकमा प्रचलित आर्थिक ऐन नियम बमोजिम हुनेछ |

२०८२/१२/०१

( रामजी जोशी )

प्रमुख प्रशासकीय अधिकृत

रामजी जोशी

प्रमुख प्रशासकीय अधिकृत